उपराष्ट्रपति

काठमाडौं, नेपाल

# छठ महापर्व, २०८२ को शुभकामना

प्रकृतिसँगको प्रगाढ प्रेम र आस्थाको प्रतीक छठ महापर्व, २०८२ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य र उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

चार दिनसम्म मनाइने यो महापर्व केवल धार्मिक अनुष्ठान मात्र नभई जैविक विविधता र सामाजिक सद्भावको अनुपम संगम हो। यसमा नयाँ अन्न, फलफूल र कन्दमूलको प्रयोगले प्रकृतिलाई धन्यवाद दिने मौलिक संस्कृति झल्किन्छ । छठको प्रसाद तयार गर्न डोम, माली र कुम्हाले समुदायका सामग्री प्रयोग गरिनुले यो पर्व जातिय सहिष्णुता र सामूहिकताको बलियो आधार हो भन्ने सन्देश दिन्छ ।

अस्ताउँदो र उदाउँदो सूर्यदेवको पूजाआराधना गर्नु यो पर्वको विशेषता हो । सम्पूर्ण पृथ्वीलाई ऊर्जा र जीवन प्रदान गर्ने सूर्य देवता तथा परिवारजनको सुदीर्घ स्वास्थ्य प्रदान गर्ने छठी मैयाको आराधनाले हामीलाई जीवनको स्रोतप्रति कृतज्ञ हुन सिकाउँदछ । निर्जला व्रत बसी नदी, तलाउ र जलाशयका पवित्र घाटहरूमा उभिएर अर्घ्य अर्पण गर्ने श्रद्धालुहरूको भक्तिभाव एवं आस्थाले मन, वचन र कर्ममा पवित्रता र शुद्धताको सञ्चार गर्दछ ।

नहाय-खाय, खरना, अस्ताउँदो सूर्यलाई अर्घ्य र उदाउँदो सूर्यलाई अर्घ्य जस्ता धार्मिक अनुष्ठानका साथ मनाइने यो पर्व नयाँ पिँढीमा पुस्तान्तरण हुँदै जानु सकारात्मक छ । यो पर्वले हामीलाई खराब आचरण, व्यवहार र विचार त्याग्न प्रेरित गर्दछ ।

**अन्त्यमा,** छठ महापर्वले राष्ट्रिय एकता र अखण्डताको सूत्रलाई बलियो र थप सुदृढ बनाउँदै सम्पूर्ण नेपालीलाई सद्भाव, प्रेम र मेलमिलापको बन्धनमा बाँध्न सकोस् । यो पर्वले मुलुकलाई समृद्धि र समुन्नतिको बाटोमा अगाडि बढाउनका लागि सम्पूर्ण देशवासीलाई उच्च राष्ट्रियताको भावले अभिप्रेरित गरोस् भन्ने कामनाका साथ पुनः हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !
२०८२ कात्तिक १० गते सोमबार ।

ने.सं. ११४६ कौलागा, षष्ठी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति